## घरायसी बायोग्यास प्लाण्ट निर्माण तथा शहरी घरेलु बायोग्यास प्लाण्ट जडान गर्न इच्छुक योग्यता पुगेका कम्पनीहरुलाई पूर्व योग्यता प्राप्ति सम्बन्धि सूचना !

नेपालमा बायोग्यास प्रविधिको विकास र प्रवर्द्धन गर्नका लागि नेपाल सरकार लगायत विभिन्न दातृ निकायहरुको सहयोगमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गत १६ जुलाई २०१२ देखि राष्ट्रिय ग्रामिण तथा नवीकरणीय ऊर्जा कार्यक्रम (National Rural and Renewable Energy Programme-NRREP) कार्यान्वयन भइरहेको छ । स्वच्छ तथा नवीकरणीय ऊर्जामा नेपाली जनताको पहुँच वृद्धि गर्नु, वातावरणको संरक्षण गर्नु र त्यसबाट देशको सामाजिक तथा आर्थिक विकासमा सकारात्मक प्रभाव पार्नु यस कार्यक्रमको मूलभूत उद्देश्य रहेको छ । यस कार्यक्रम अन्तर्गत वैकल्पिक ऊर्जाका विभिन्न प्रविधि सहित बायोग्यास प्लाण्ट निर्माण तर्फ बर्षमा २६,००० वटा घरायसी, २०० वटा संस्थागत, ४० वटा सामुदायिक बायोग्यास प्लाण्ट निर्माणका साथै फोहोरबाट ऊर्जा उत्पादन गर्ने रहेको छ ।

यस सन्दर्भमा कार्यक्रम अन्तर्गत **(क) घरायसी बायोग्यास प्लाण्ट निर्माण (ख) शहरी घरेलु बायोग्यास प्लाण्ट जडान** सम्बन्धि कार्य गर्न योग्यता पुगेका इच्छुक कम्पनीहरुलाई पूर्व योग्यता प्रदान गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । तसर्थ तोकिएको न्यूनतम मापदण्ड बमोजिम इच्छुक सबै कम्पनीहरुले केन्द्रले तोकेको ढाँचामा पूर्व योग्यता प्राप्ति निवेदन फाराम रीतपूर्वक भरी तल उल्लेख गरिएको मिति र समयभित्र पूर्व योग्यता निवेदन फाराम सहित आवश्यक विवरण र कागजातहरु शिलबन्दी गरी तल उल्लेखित ठेगानामा दर्ता गर्नका लागि जानकारी गराईन्छ ।

**पूर्व योग्यताको लागि निबेदन बुझ्ने र पूर्व योग्यता प्रदान गरिने समय तालिका तल उल्लेख भएअनुसार हुनेछ ।**

| निबेदन पेश गर्ने समय (पहिलो लट) | पूर्व योग्यता सूचना प्रकाशन गर्ने समय | निबेदन पेश गर्ने समय (दोस्रो लट) | पूर्व योग्यताको सूचना प्रकाशन गर्ने समय |
|---|---|---|---|
| वैशाख १ गते देखि भदौ मसान्त भित्रमा | असोज देखि कार्तिक महिना भित्रमा | पुष १ गतेदेखि फागुन मसान्त भित्रमा | चैत महिना भित्रमा |

(क) पूर्व योग्यताको लागि निवेदन फाराम, कम्पनीको आवश्यक न्युनतम मापदण्ड र घरायसी बायोग्यास प्लाण्ट निर्माण निर्देशिका (घरायसी बायोग्यास प्लाण्टका लागि) (ख) पूर्व योग्यता निवेदन फाराम, कम्पनीको आवश्यक न्युनतम मापदण्ड र शहरी घरेलु बायोग्यास प्लाण्ट जडान निर्देशिका (शहरी घरेलु बायोग्यास प्लाण्ट जडानका लागि) केन्द्रको वेबसाईट: www.aepc.gov.np मा हेर्न र प्राप्त गर्न सकिनेछ ।

**नोट:** घरायसी बायोग्यास प्लाण्ट निर्माणका लागि पूर्व योग्यता प्राप्त गर्न र शहरी घरेलु बायोग्यास प्लाण्ट जडानका लागि पूर्व योग्यता प्राप्त गर्न छुट्टाछुट्टै निबेदन पेश गर्नुपर्दछ ।

**आवेदन फाराम बुझाउने ठेगाना !**


**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**राष्ट्रिय ग्रामिण तथा नवीकरणीय ऊर्जा कार्यक्रम**
**बायोग्यास सब कम्पोनेन्ट**
खुमलटार, ललितपुर, नेपाल
फोन. नं. ५५३९३९०, ५५३९३९१